सरुमारानी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बङ्गाँडा, प्यूठान

लुम्बिनी प्रदेश, नेपाल

प.स:२०८१/०८२

च.नं: १६६

मितिः२०८१।०५।०७

श्री वडा कार्यालयहरु सबै ।

श्री विषयगत शाखाहरु सबै ।

सरुमारानी गाउँपालिका, प्यूठन ।

विषयः निर्णय प्रतिलिपि पठाईएको सम्बन्धमा ।

प्रस्तुत विषयमा यस सरुमारानी गाउँकार्यपालिकाको मिति २०८१।०४।३२ गतेको बैठकको निर्णय प्रतिलिपिहरु आवश्यक जानकारी एवं कार्यान्वयनका लागि यसै पत्र साथ संलग्न राखी पठाईएको व्यहोरा अनुरोध छ ।

.............................

(देविराम पाठक)

प्रमुख प्रशासकीय अधिकृत

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

सम्पर्क ठेगानाः सरुमारानी गाउँ कार्यपालिकाको कार्यालय बङ्गाँडा-०४, प्यूठान ,लुम्बिनी प्रदेश नेपाल
कार्यालयको फोन नं ९८५७८३६०२२ ,Website:www.sarumaranimun.gov.np
Email :sarumarani2073@gmail.com

सरुमारानी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बड्डांडा, प्युठान लुम्बिनी प्रदेश, नेपाल २०७३

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

झग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

# सरुमारानी गाउँपालिका, कार्यपालिकाको छ्यालिसौं बैठकका प्रस्तावहरु
## मिति २०८१।०४।३२ गते

१. प्रगती समिक्षा सम्बन्धमा।
२. शहरी विकास तथा भवन निर्माण अन्तर्गतका कार्यक्रम सम्बन्धमा ।
३. हेफरसंगको साझेदारी कार्यक्रम सम्बन्धमा ।
४. कृषि तथा पशुपन्छी विकास स्रोत केन्द्रका पाडापाडी सम्बन्धमा ।
५. विपद् राहात सहयोग सम्बन्धमा ।
६. उपभोक्ता समितिहरु गठन सम्बन्धमा ।
७. वन प्राविधिक सम्बन्धमा ।
८. शिक्षा सम्बन्धि विभिन्न प्रस्तावहरु सम्बन्धमा।
९. बहुबर्षिय योजनामा समाबेश गर्न माग गर्ने सम्बन्धमा ।
१०. बिविध सम्बन्धमा ।

- कवाडी जिवजन्तु निकासी करको पुनःसूचना सम्बन्धमा ।
- बड्डाडा र दर्भान बजारमा स्वीपर ब्यबस्था सम्बन्धमा ।
- अपाङ्गता सामाग्री सम्बन्धमा ।
- एम्बुलेन्स मर्मत सम्बन्धमा ।
- सडक मर्मत सम्बन्धमा ।
- प्रयोगशाला अनुमति सिफारिस सम्बन्धमा ।

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

झग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

सरुमारानी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बड्डांडा, प्युठान लुम्बिनी प्रदेश, नेपाल २०७३

सरुमारानी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय प्युठान लुम्बिनी प्रदेश, नेपाल २०७३

देविराम ... प्रमुख प्रशासकीय अधिकृत

खड्ग बहादुर विश्वकर्मा गा.पा. अध्यक्ष

# बैठक संख्या-४६
## गाउँकार्यपालिकाको छ्यालिसौ बैठकका निर्णयहरु-२०८१।०४।३२ गते

**निर्णय नं. १ प्रगती समिक्षा सम्बन्धमा ।**

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस सरुमारानी गाउँकार्यपालिकाको मिति २०८१।४।१७ गतेको बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको विषयमा जानकारी एवं छलफल भयो।

**निर्णय नं. २ शहरी विकास तथा भवन निर्माण अन्तर्गतका कार्यक्रम सम्बन्धमा ।**

प्रस्ताव नं. २ माथि छलफल गर्दा शहरी विकास तथा भवन कार्यालयको मिति २०८१।४।२२ च.नं. ७० को बार्षिक कार्यक्रम कार्यान्वयनको विषयमा जानकारी भयो । सो अनुसार आवश्यक विवरण, समन्वय र सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ३ हेफरसंगको साझेदारी कार्यक्रम सम्बन्धमा ।**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस गाउँपालिका र हेफर प्रोजेक्ट नेपाल वीच कषि तथा पशु उद्यमशिलता विकास परियोजना संचालनको लागी मिति २०८०।०८।१३ मा भएको संझौता अनुसार चालू आ.व. २०८१।०८१ को लागि यस गाउँपालिकाको संचितकोषमा भएको बजेट समस्याका कारण संझौता अनुसार पुरै बजेट सुनिश्चता गर्न कठिन भएकोले गाउँसभाबाट विनियोजित बजेट रु. ७५,००,०००/- को सिमा भित्र रही संस्थाको नियमानुसार साझेदारी कार्यक्रमलाई निरन्तरता दिनको लागि हेफर प्रजोक्ट नेपाललाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ कृषि तथा पशुपन्छी विकास स्रोत केन्द्रका पाडापाडी सम्बन्धमा ।**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस गाउँपालिकाले संचालन गरेको सरुमारानी कृषि तथा पशुपन्छी विकास स्रोत केन्द्र सरुमारानी -१ औलेनीमा पाल्दै आएका भैंसीहरुले दुध छुटाई पाडापाडीहरु बिक्री वितरण गर्न उपयुक्त भएकाले स्रोत केन्द्रमा रहेका २ गोटा पाडाहरु कोरेली पाडी वितरण कार्यक्रमका लाभग्राही कृषक समूहमा वितरण गरिएका पाडीहरुको नश्ल सुधारका लागि वडा नं. ५ को श्री मिलिजुलि पशुपालन कृषक समूह र वडा नं. ६ को श्री प्रगतिशल पशुपालन कृषक समूहलाई निशुल्क वितरण गर्ने र २ वटा पाडीहरु बिक्री प्रकृया अगाडी बढाउने निर्णय गरियो।

**निर्णय नं. ५ विपद् राहात सहयोग सम्बन्धमा ।**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस बर्षको बर्षातको कारण गएको पहिरोले विभिन्न ब्यक्तिहरुको घरखेत/गोठहरुमा भएको क्षतिका कारण समस्या भएकोले तपशिलका घरधनीहरुलाई प्रकोप/विपद ब्यबस्थापन कोषबाट निम्नानुसारको राहात/आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

सरुमारानी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय प्युठान २०७३



देविराम ... प्रमुख प्रशासकीय अधिकृत

खड्ग बहादुर विश्वकर्मा गा.पा. अध्यक्ष

तपशिल

| क्र.स. | घरमुली/ब्यक्तिको नाम थर | ठेगना | क्षेतीको विवरण | सहयोग रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | मिना कुमाल/नम बहादुर कुमाल | सरुमारानी-२ ददेरी | २०८१ जेष्ठ १९ गतेको हावाहुरीले बस्ने घरको जस्तापाता उडाई क्षति भएको | १०,०००/- | |
| २ | मन बहादुर कुमाल | सरुमारानी-१ कालिवन | २०८१/३/२२ गतेको अविरल बर्षादले बस्दै आएको घरको पर्खाल/गाह्रो भत्केर क्षती भएको | १०,०००/- | |
| ३ | डुमीसरा कामी | सरुमारानी-४ बड्डाडा | २०८१/३/२२ गतेको अविरल बर्षादले बस्दै आएको घरको पर्खाल/गाह्रो भत्केरी क्षती भएको घर पूर्णरुपमा क्षती भई बस्न नमिल्ने भएको | १०,०००/- | |
| ४ | ज्ञानीसरा घर्तीमगर/हुम बहादुर घर्ति मगर | सरुमारानी-५ राङ्गबाङ्ग | २०८१/३/२२ गतेको अविरल बर्षादले बस्दै आएको घरको २ कोठा पहिरोले भत्किन गई घर पूर्ण क्षती भएको र घरमा बस्न योग्य नभएको | २५,०००/- | |
| ५ | दानीसरा बराल मगर/उदिराम बराल मगर | सरुमारानी-५ फापरडाँडा | २०८१/३/२२ गतेको अविरल बर्षादले उनी बस्दै आएको करिव ३ रोपनी जग्गामा पहिरोले क्षती भई उनी बस्दै आएको ढुंगा, माटो र काठको बार र टिनको छाना भएको ३ कोठे घर पुर्ण रुपमा जोखिम भई घरमा बस्न योग्य नभएको | २५,०००/- | |
| ६ | मिना कामी/हिरालाल कामी | सरुमारानी-५ विरिङ्गकोट | २०८१/३/२२ गतेको अविरल बर्षादले पहिरो आई उनी बस्दै आएको घरको पछाडी पट्टीको घरको पर्खाल/गाह्रो भत्किएको/चर्किएकोले घरमा बस्न योग्य नभएको । | २५,०००/- | |

**निर्णय नं. ६ उपभोक्ता समितिहरु गठन सम्बन्धमा ।**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा चालू आ.व. को बार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत पुर्वाधारजन्य योजनाहरुको कार्यान्वयनको लागि २०८१ भाद्र मसान्त भित्र उपभोक्ता समिति गठन गर्ने निर्णय गरियो।

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत
भीम बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

**निर्णय नं. ७ वन प्राविधिक सम्बन्धमा ।**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस गाउँपालिकामा कार्यरत बन प्राविधिक (अधिकृत छैठौं) पदमा चालू आ.ब.मा सम्पन्न गर्नु पर्ने कार्यक्रमहरु संचालन गर्न प्यूठान जिल्ला, प्यूठान नगरपालिका वडा नं. ४ निवासी श्री मुस्कान गौतमलाई परामर्श सेवाबाट नियुक्ति गरी कामकाज गराउनकार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ८ शिक्षा सम्बन्धि विभिन्न प्रस्तावहरु सम्बन्धमा।**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा शिक्षासंग सम्बन्धित तपिशलका प्रस्तावहरु स्वीकृत गर्ने निर्णय गरियो ।

प्रस्ताव क- शिक्षण सहयोग अनुदान सम्बन्धमा:-

संघीय सशर्त अनुदान मार्फत सरुमारानी गाउँपालिकाका लागि प्राप्त माध्यमिक तह अंग्रेजी, गणित, विज्ञान विषयमा शिक्षण सहयोग अनुदान शीर्षकमा माध्यमिक तहका ५ जना शिक्षकका लागि बजेट थप भएर आएकोले उक्त शिक्षक कोटा वितरणका लागि अंग्रेजी, गणित, विज्ञान विषयको शिक्षकहरु आवश्यकता भएका तपसिलका विद्यालयलाई छनोट गर्ने:-

तपशिल:

१. सत्य माध्यमिक विद्यालय, ददेरी
२. खड्गेश्वरी माध्यमिक विद्यालय, दर्भान
३. जनता माध्यमिक विद्यालय, बड्डाँडा
४. भीमसेन माध्यमिक विद्यालय, जस्पुर
५. श्रमरानी माध्यमिक विद्यालय, बुढिचौर

प्रस्ताव ख- स्थानीय विषयको पाठ्यक्रम संशोधन सम्बन्धमा:-

हाम्रो सरुमारानी हाम्रो गौरव (कक्षा ६-८) को स्थानीय विषय पाठ्यक्रममा स्थानीय विषयवस्तुका साथै कम्प्युटर तथा प्रविधि सम्बन्धी विषयबस्तु समेत थप गरी विस्तृत बनाउनका लागि संशोधन गर्ने ।

प्रस्ताव ग -समिति गठन सम्बन्धमा:-

स्थानीय पाठ्यक्रम संशोधन तथा पाठ्यपुस्तक लेखनका लागि तपसिल अनुसार समिति गठन गर्ने :

पुष्पलाल शाही - संयोजक (शिक्षा, अधिकृत) सरुमारानी गाउँपालिका
ऋषिराम आचार्य - सदस्य(शिक्षक)सरस्वती मा.वि. बाङ्गेसाल
टोपाराम पोखेल - सदस्य (शिक्षक) सरस्वती मा.वि. बाङ्गेसाल
यमराज खनाल - सदस्य (शिक्षक) सरस्वती मा.वि.चाभा
राजकुमार गुरुङ - सदस्य (शिक्षक)जनता मा.वि.बड्डाँडा
यादव शर्मा, - सदस्य (शिक्षक)सरस्वती मा.वि.चाभा



देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत
भीम बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

CamScanner

सरुमारानी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बङ्गाडा प्यूठान लुम्बिनी प्रदेश, नेपाल २०७३

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

लक्ष्मी महत क्षेत्री - सदस्य (शिक्षक) ने.रा.मा.वि.हंसपुर

प्रस्ताव घ – गाउँपालिका अनुदान शिक्षक दरबन्दी थप सम्बन्धमा:-

सरुमारानी गाउँपालिका अन्तर्गत तपशिलका विधालयहरुमा गाउँपालिका शिक्षक अनुदान दरबन्दी थप गर्ने:-

- ने.रा. मा.वि. हंशपुर- मा.वि. शिक्षक एक जना- नयाँ मा.वि. तह सुरु भएकोले ।
- लुकलुके बालविकास केन्द्र वडा नं.५- बालविकास सहजकर्ता एकजना- जनताबाट चन्दा संकलन गरि बालविकास संचालन भएकोले ।

**निर्णय नं. ९ बहुबर्षिय योजनामा समाबेश गर्न माग गर्ने सम्बन्धमा ।**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा लुम्बिनी प्रदेश सरकारबाट चालू आ.ब.का लागि विनियोजन भएको बङ्गाडा बृहत बस्ती विकास कार्यक्रम र आपतकालिन कार्य संचालन केन्द्रलाई बहुबर्षिय आयोजनामा समावेश गरिदिन आवश्यक ब्यबस्थाका लागि सम्बन्धित मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. १० बिविध सम्बन्धमा ।**

- **कवाडी जिवजन्तु निकासी करको पुनःसूचना गर्ने सम्बन्धमा ।**
  कवाडी र जिवजन्तु निकासी कर संकलनको लागि यस गाउँपालिकाले मिति २०८१।४।१४ मा प्रकाशन गरेको सूचना अनुसार एक जनाको मात्र निवेदन पर्न आएकोले दोश्रो पटकको ७ दिने सूचना प्रकाशन गरी प्रकृया अगाडी बढाउने निर्णय गरियो ।
- **बङ्गाडा र दर्भान बजार स्वीपर व्यबस्थापन सम्बन्धमा ।**
  यस गाउँपालिकाको वडा नं. ४ बङ्गाडा र वडा नं. २ दर्भान बजारको सरसफाईलाई ब्यबस्थित गर्न एक/एक जना स्वीपर आवश्यक परेकोले वडा कार्यालयको समन्वय र सिफारिसमा परिचालन गर्ने गरी २०८१ श्रावण १ गते देखि नै प्रति वडा रु. ७०,०००/- बजेट सिमा भित्र रही स्वीपर परिचालन गर्ने निर्णय गरियो ।
- **अपाङ्गता सामाग्री सम्बन्धमा ।**
  यस गाउँपालिकामा रहेका अपाङ्गता सम्बन्धी सामाग्रीहरु वडाहरुको माग र सामाग्री संख्याको आधारमा वडाको सिफारिसमा वितरण गर्ने निर्णय गरियो ।
- **एम्बुलेन्स मर्मत सम्बन्धमा ।**
  यस गाउँपालिका वडा नं. ३ हंशपुर स्वास्थ्य चौकीद्धारा संचालन भएको एम्बुलेन्स स्वास्थ्य चौकीमा बजेट अभावको कारण मर्मत गरी संचालन गर्न कठिन भएकोले उक्त एम्बुलेन्स गाउँपालिकाको कार्यालयबाट मर्मत गर्ने निर्णय गरियो ।

सरुमारानी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बङ्गाडा प्यूठान लुम्बिनी प्रदेश, नेपाल २०७३



देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

लक्ष्मरानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बर्दाडा, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

भक्त बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

- **सडक मर्मत सम्बन्धमा ।**

यस गाउँपालिका वडा नं. ६ को वडा कार्यालय जाने थक्लेनेनी-मुर्कुटी मोटरबाटो वर्षादकोकारण पटक पटक विग्रन गएकोले थप मर्मत कार्यको लागि मर्मत संभार शिर्षकबाट रु. ३५,०००/- विनियोजन गर्ने निर्णय गरियो ।

- **प्रयोगशाला अनुमति सिफारिस सम्बन्धमा ।**

नेपाल सरकारको जनस्वास्थ्य नियमावली, २०७७ दफा- ९ को उपनियम (२) बमोजिम अनुसूची-९ मा स्वास्थ्य संस्थालाई ईजाजतपत्र दिने निकाय अन्तर्गत स्थानीय तहले समूह डि र ई बर्गको प्रयोगशालाको ईजाजतपत्र दिने र नविकरण गर्ने ब्यबस्था भएकोमा यस गाउँपालिकाले हाल सम्म डि र ई बर्गको प्रयोगशालाको ईजाजतपत्र दिने र नविकरण गर्ने कार्यविधि/निर्देशिका/मापदण्डहरु निर्माण गरि नसकेकोले अर्को ब्यबस्था नभएसम्म उक्त डि र ई बर्गको प्रयोगशालाको ईजाजतपत्र दिने र नविकरण गर्ने ब्यबस्थाको लागि लुम्विनी प्रदेश स्वास्थ्य मन्त्रालयलाई सिफारिस गर्ने निर्णय गरियो ।

उपरोक्त निर्णयहरु सर्वसम्मत रुपमा गरी आजको बैठक सौहार्दपूर्ण वातावरणमा समापन गरियो

प्रमाणिकरण मिति २०८१/०४/३२

भक्त बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

लक्ष्मरानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बर्दाडा, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

CamScanner